# अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि अभिमुखिकरण

सचेतना तथा जागरण कार्यक्रम
प्रस्तोताः सन्तोष जि.सी
महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा
लिखु तामाकोशी गाउँपालिका



leftreviewonline.com

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
**NFD-N**

DISABLED PEOPLES' INTERNATIONAL · VOX NOSTRA ·

# राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल

## National Federation of the Disabled - Nepal (NFDN)

*Nothing About Us, Without Us* हाम्रो सवाल, हाम्रै नेतृत्व



# अपाङ्गताको वर्गीकरण

शारीरिक अङ्ग वा प्रणालीमा भएको समस्या तथा कठिनाइको आधारमा अपाङ्गता भएका व्यक्ति

१. **शारीरिक अपाङ्गताः** स्नायु, मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन, प्रयोग र हिँडडुलमा समस्या (जस्तैः बाल पक्षघात (पोलियो), शारीरिक अङ्गविहीन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डिस्ट्रोफी), जोर्नी र मेरूदण्ड सम्बन्धी स्थायी समस्या, क्लवफीट पैंताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाइभन्दा ज्यादै कम उचाइ भएको व्यक्ति ।

२. **दृष्टि सम्बन्धी अपाङ्गताः** दृष्टि सम्बन्धी देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप र रङ्गको ज्ञान नहुने,

(क) दृष्टि विहीनताः औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्टाउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति ।

(ख) न्यून दृष्टियुक्तः औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुटयाउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) पूर्ण दृष्टिविहीनः पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुटयाउन नसक्ने व्यक्ति ।

# अपाङ्गताको वर्गीकरण

- **सुनाइ सम्बन्धी अपाङ्गताः** सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान, स्थान, उतारचढाव तथा स्वरको मात्रा र गुण छुटयाउन नसक्ने व्यक्ति

(क) बहिराः असी डेसिबलभन्दा माथिको ध्वनि सुन्न
नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

- **श्रवण दृष्टिविहीन अपाङ्गताः** सुनाइ सम्बन्धी र दृष्टिसम्बन्धी दुवै अपाङ्गता भएको वा दुईवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

- **स्वर र बोलाइ सम्बन्धी अपाङ्गताः** स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोर्याउने व्यक्ति ।

- **मानसिक वा मनोसामाजिक अपाङ्गताः** मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति
- **बौद्धिक अपाङ्गताः** उमेरको बृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तोः डाउन्स सिन्ड्रोम समेत)
- **अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गताः** अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

**अटिज्म सम्बन्धी अपाङ्गता:** जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तो: सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोर्यारहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति)

**बहुअपाङ्गता:** एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तै: मस्तिष्क पक्षघात आदि)

## पूर्णअशक्त अपाङ्गता :

व्यक्तिको शारीरिक वा मानसिक प्रणालीमा भएको कार्यगत विचलनका कारण अरूको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरू, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, पूर्ण रूपमा श्रवण–दृष्टिविहीन व्यक्तिहरू तथा आफैं हलचल गर्न नसक्ने गरी पूर्ण रूपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरूलाई "क" वर्गको अपाङ्गताको परिचयपत्र वितरण गरिनेछ । यो रातो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

## अतिअशक्त अपाङ्गता :

निरन्तर अरूको सहयोग लिएरमात्र दैनिक जीवन सम्पादन गर्न, आवागमन गर्न, सञ्चार गर्न, लेखपढ गर्न सक्षम हुने व्यक्तिहरू, पोलियो वा अन्य कारणले शरीरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरुदण्डमा चोट वा पक्षाघात भई वा मांशपेसी विचलन भई वा मस्तिष्क पक्षाघात भई कम्मरभन्दा मुनिको भाग क्रियाशील हुन नसकी ह्विलचियरको प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरू, दुवै हातको पाखुरामुनिको अङ्ग नभएका वा नचल्ने, कम्मरभन्दा मुनिका अङ्ग नभएका वा नचल्ने व्यक्तिहरू, दुवै खुट्टा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरू, पूर्ण दृष्टिविहीन व्यक्तिहरू, बहिरा व्यक्तिहरू, दैनिक जीवन सम्पादन आफैं गर्न सक्ने तर सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरूलाई, “ख” वर्गको परिचयपत्र उपलब्ध गराइनेछ । यो नीलो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।


## मध्यम अपाङ्गता :

कृत्रिम अङ्गको प्रयोग वा सहायक सामग्रीको प्रयोगबाट दैनिक जीवन सम्पादन आफैं गर्नसक्ने, पोलियो भई घुँडामुनिको अङ्गमामात्र प्रभाव परेको, स्वतन्त्र रूपमा हिँड्डुल गर्नसक्ने शारीरिकरूपमा अपाङ्गता भएका व्यक्तिहरू, हत्केलाभन्दा मुनिका कम्तीमा बूढीऔंला र चोरऔंला नभएका तथा कुर्कुच्चाभन्दा मुनिको भाग नभएका, मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको, सिकाइमा ढिला भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, श्रवणयन्त्रको प्रयोगबाट मात्र सुन्नसक्ने सुस्त श्रवण व्यक्तिहरू, शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नसक्ने व्यक्तिहरू, तीव्र भकभके व्यक्तिहरू, तीन फिटमुनिका पुड्का व्यक्तिहरू, चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवण–दृष्टिविहीन व्यक्तिहरू, लेन्स वा म्याग्निफायरको प्रयोगबाट मात्र पढ्नसक्ने न्यून दृष्टियुक्त व्यक्तिहरू, समूह “ग” को अपाङ्गता वर्गमा पर्दछन् । यस वर्गको परिचयपत्र पहेंलो रंगमा नीलो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।


## सामान्य अपाङ्गता :


शारीरिक अङ्गहरूमा सामान्य विचलन भए तापनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाइ नहुने, हात वा खुट्टा केही छोटो भएका, ठूलो अक्षर पढ्नसक्ने, न्यून दृष्टियुक्त व्यक्तिहरू, हत्केलामुनिका कम्तीमा बूढीऔँला र चोरऔँला भएका, खुट्टाको औँलाका भागहरू नभएका, श्रवणयन्त्र लगाई वा नलगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरू, स्मरणशक्ति ज्यादै कम भई सिकाइमा कठिनाइ हुने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू “घ” वर्गमा पर्दछन् । यस वर्गको परिचयपत्र सेतो रंगमा कालो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।





| क्र.सं. | वडागत तथ्याङ्क | क वर्गको संख्या | | | ख वर्गको संख्या | | | ग वर्गको संख्या | | | घ वर्गको संख्या | | | कुल जम्मा संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा |
| १ | वडा नं. १ | ३ | ६ | ९ | ६ | १२ | १८ | २ | २ | ४ | ४ | ८ | १२ | १५ | २६ | ४३ |
| २ | वडा नं. २ | ३ | ७ | १० | १० | १५ | २५ | ४ | ५ | ९ | ५ | ४ | ९ | २२ | ३१ | ५३ |
| ३ | वडा नं ३ | १ | ३ | ४ | ४ | ८ | १२ | ६ | ९ | १५ | ५ | ४ | ९ | १६ | २४ | ४० |
| ४ | वडा नं. ४ | ७ | ७ | १४ | ५ | १६ | २१ | ३ | ५ | ८ | ७ | २ | ९ | २२ | ३० | ५२ |
| ५ | वडा नं. ५ | ३ | ७ | १० | १० | ९ | १९ | ३ | ७ | १० | २ | ८ | १० | १८ | ३१ | ४९ |
| ६ | वडा नं. ६ | ९ | ६ | १५ | १३ | ११ | २४ | ८ | ४ | १२ | ११ | १७ | २८ | ४१ | ३८ | ७९ |
| ७ | वडा नं. ७ | ६ | १२ | १८ | १२ | १६ | २८ | ७ | १३ | २० | ६ | ११ | १७ | ३१ | ५२ | ८३ |
| कुल जम्मा | | ३२ | ४८ | ८० | ६० | ८८ | १४८ | ३३ | ४५ | ७८ | ४० | ५४ | ९४ | १६५ | २३२ | ३९७ |



संख्या
घ वर्ग
28%
क वर्ग
21%
ग वर्ग
9%
ख वर्ग
42%




५०
४५
४०
३५
३०
२५
२०
१५
१०
५
०
६
३
९
१२
१८
२
२
४
८
४
१२
२८
४३
क वर्ग
ख वर्ग
ग वर्ग
घ वर्ग
जम्मा
पुरुष
महिला
जम्मा

# वडा नं. २ सैपु


## संख्या






६०
५०
४०
३०
२०
१०
०
७
३
१०
१५
२५
५
४
९
४
५
९
३१
५३
क वर्ग
ख वर्ग
ग वर्ग
घ वर्ग
जम्मा
पुरुष
महिला
जम्मा


# वडा नं. ३ काङ्वा
## संख्या






४५
४०
३५
३०
२५
२०
१५
१०
५
०
३
१
४
८
१२
९
६
१५
४
५
९
२४
४०
क वर्ग
ख वर्ग
ग वर्ग
घ वर्ग
जम्मा
पुरुष
महिला
जम्मा

# वडा नं. ४ बिजुलिकोट संख्या







६०
५०
४०
३०
२०
१०
०
७
७
१४
१६
२१
५
३
८
२
७
९
३०
५२
क वर्ग
ख वर्ग
ग वर्ग
घ वर्ग
जम्मा
पुरुष
महिला
जम्मा

# वडा नं. ५ नागदह


## प्रतिशत






६०
५०
४०
३०
२०
१०
०
४९
३१
१९
१०
९
७
३
१०
७
३
१०
८
२
१०
क वर्ग
ख वर्ग
ग वर्ग
घ वर्ग
जम्मा
पुरुष
महिला
जम्मा


# वडा नं. ६ खिम्ती
## संख्या







९०
८०
७०
६०
५०
४०
३०
२०
१०
०
६
९
१५
११
२४
४
८
१२
१७
११
२८
३८
७९
क वर्ग
ख वर्ग
ग वर्ग
घ वर्ग
जम्मा
पुरुष
महिला
जम्मा

# वडा नं. ७ तिल्पुङ
## संख्या





९०
८०
७०
६०
५०
४०
३०
२०
१०
०
८३
५२
२८
१८
१६
२०
१७
१२
१३
११
६
७
६
क वर्ग
ख वर्ग
ग वर्ग
घ वर्ग
जम्मा
पुरुष
महिला
जम्मा

# वडागत तथ्याङ्क



९०
८०
७०
६०
५०
४०
३०
२०
१०
०
वडा नं. १
वडा नं. २
वडा नं. ३
वडा नं. ४
वडा नं. ५
वडा नं. ६
वडा नं. ७
घ वर्ग
ग वर्ग
ख वर्ग
क वर्ग

# पालिका स्तरीय तथ्याङ्क




अपाङ्गता
वितरण

# निशुल्क उच्च शिक्षाको व्यवस्था (कानुनद्वारा व्यवस्था गरिएको) [FREE HIGHER EDUCATION]

सुविधा :

कानुनका आधारमा अपाङ्गता भएका व्यक्तिहरूले निःशुल्क उच्च शिक्षा हासिल गर्न पाउने व्यवस्था छ ।

सुविधाका हकदार :

नेपाल सरकारद्वारा गरिएको अपाङ्गताको परिभाषा र वर्गीकरणअन्तर्गत पर्ने उच्च शिक्षाका लागि योग्यता पुगेका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरू ।

सुविधा प्राप्त गर्ने ठाउँ/निकाय –

सम्पूर्ण शैक्षिक संस्थाहरू

त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरू ।

सुविधा प्राप्त गर्ने प्रक्रिया :

आफूले प्राप्त गरेकोअपाङ्गता परिचयपत्रको प्रतिलिपिसहित निःशुल्क अध्ययनका लागि आफूले अध्ययन गर्न चाहेको क्याम्पस प्रशासनमा आवेदन दिने वा क्याम्पस प्रशासनले आवेदनको लागि कुनै ढाँचा वा प्रकृया तोकेको भएमा सोहि अनुसार गर्ने ।

# सुविधा प्राप्त गर्ने कानुनी तथा नीतिगत आधार :

अपाङ्ग संरक्षण तथा कल्याण ऐनको दफा ६ को उपदफा १ : "कुनै अपाङ्गले शिक्षा प्राप्त गर्नका लागि कुनै शिक्षण संस्थामा भर्ना हुने भएमा निजलाई त्यस्तो शिक्षण संस्थामा शुल्क लिइने छैन ।"

- विद्यालयमा निशुल्क शिक्षाको व्यवस्था (कानुनमा व्यवस्था गरिएको) [FREE SCHOOL EDUCATION]

सुविधा : छात्रवृत्ति सहितको निःशुल्क शिक्षा

- कानुन अनुसार देशका हरेक सरकारी वा सामुदायिक विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गरिनुपर्ने व्यवस्था छ।

सुविधाका हकदार :

- नेपाल सरकारको परिभाषा र वर्गीकरणअन्तर्गत पर्ने विद्यालय जाने उमेरका हरेक अपाङ्गता भएका बालबालिका ।

सुविधा प्रदान गर्ने निकाय :

- स्थानीय स्तरमा रहेका सरकारी वा सामुदायिक विद्यालयहरू

सुविधा प्राप्त गर्ने प्रक्रिया :

- अपाङ्गता परिचयपत्रको प्रतिलिपिसहित आफूले अध्ययन गर्न चाहेको विद्यालयमा निःशुल्क शिक्षाका लागि आवेदन दिने ।

# सुविधा प्राप्त गर्ने कानुनी तथा नीतिगत आधार :

- नेपालको संविधान,
- अपाङ्ग संरक्षण तथा कल्याण ऐन
- आवासीय छात्रवृत्तिका लागि विद्यालय छात्रावास व्यवस्थापन निर्देशिका, २०७१
- विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५
- कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८०

# नेपालको संविधान

शिक्षा सम्बन्धी हक :

- (३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउनेहक हुनेछ।
- (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

# कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९

- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवत्तिृ (आवासीय तथा गैरआवासीय) को व्यवस्था
- छात्रवत्तिृ को प्रकार तथा विभाजनका आधारहरू:

- आवासीय छात्रवत्तिः स्थानीय तहले भौगोलिक अवस्था, दुरी, अपाङ्गताको कारणघरबाट दैनिक रूपमा विद्यालयमा आउनजान नसक्ने एवम अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा बस्ने अपाङ्गता भएकाता भएका बालबालिकाको सङ्ख्याको आधारमा प्रति विद्यार्थी प्रति महिना रू. ४,०००।- का दरले १० महिनाका लागि जम्मा रू. ४०,०००।– रकम विद्यालयलाई अनदुान दिने ।

- सहयोगी सहायता सेवा छात्रवत्तिृ (गैर आवासीय): घरबाट आउँदा जाँदा र विद्यालयमा रहँदा निरन्तर रूपमा अरूको सहयोग र साधन आवश्यक पर्ने अपाङ्गता भएकाता भएका प्रति विद्यार्थी प्रति महिना रू.५००।- का दरले १० महिनाको लागि रू.५,०००।-,


- यातायात सेवा छात्रवत्तिृ (गैर आवासीय): घरबाट आउँदा जाँदा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्नुने अपाङ्गता भएकाता भएका बालबालिकालाई प्रति विद्यार्थी प्रति महिना रू.३००।- का दरले १० महिनाका लागि रू.३,०००।–

- शैक्षिक सामग्री छात्रवत्तिृ (गैर आवासीय): घरबाट विद्यालयसम्म आउन जान सक्ने अवस्थाको अपाङ्गता भएका प्रति विद्यार्थी प्रति महिना रू.१००।- का दरले १० महिनाको रू.१,०००।-

# माध्यमिक तह ( कक्षा १२ ) सम्म अपाङ्गता भएका वालवालिकाको लागि छात्रवृत्तिको व्यवस्था (SCHOLARSHIPS FOR CLASS 1-12 STUDENTS)

सुविधा :

विद्यालय स्तरमा छात्रवृत्तिको व्यवस्था गरी अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने व्यवस्था गरिएको छ । यस्तो छात्रवृत्ति उनीहरूका लागि छात्रावासको सुविधा, विद्यालय पोसाक, शैक्षिक सामग्री (कापी, कलम, मसी, यातायात भाडा तथा अन्य मसलन्द आदि) खरिदका लागि प्रदान गरिन्छ ।


स्थानीय
सरकार


मेरो गणना, मेरो सहभागिता
जनगणनामा अपाङ्गता सहभागिता महत्वपूर्ण छ।
राष्ट्रिय जनगणना २०७८
राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
मेरो सहभागिता महत्वपूर्ण छ।
जनगणना मेरो पनि उत्सव हो।
अपाङ्गता समावेशी जनगणना हामी सबैको चाहना।
हामी छुट्ने हौं की ?
राष्ट्रिय जनगणना मेरो पनि गणना।
मेरो गणना मेरो सहभागिता।
मेरो लागि योजना, राष्ट्रिय जनगणनाको आयोजना।
मेरो सहभागिता महत्वपूर्ण छ।
प्रत्येक व्यक्तिको गणना राष्ट्रिय जनगणना।
NFD-N
DPOD
FFO

# छात्रवृत्ति सम्वन्धी अन्य व्यवस्था (OTHER SCHOLARSHIPS PROVISIONS)

**सुविधा :**

- कक्षा १ देखी ८ सम्मका विद्यार्थीहरु वाहेक पनि विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरुलाई शिक्षा सम्वन्धि नीति र कानूनमा छात्रवृत्तिको व्यवस्था गरिएको छ । संस्थागत विद्यालयहरुले कुल विद्यार्थी संख्याको ५ प्रतिशत अपाङ्गता भएका विद्यार्थि, गरिव, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ भने विश्वविद्यालय स्तरमा पनि यस्ता छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

**सुविधाका हकदार :**

संस्थागत विद्यालयमा अध्ययन गरिरहेका वा गर्न चाहने अपाङ्गता भएका विद्यार्थीहरु र उच्च शिक्षा हासिल गरिरहेका वा गर्न चाहने अपाङ्गता भएका विद्यार्थीहरु ।

सुविधा प्रदान गर्ने निकाय :

संस्थागत विद्यालयहरु

**सुविधा प्राप्त गर्ने आधार :**

क) शिक्षा नियमावली, २०५९ को परिच्छेद २६ को "छात्रवृत्ति तथा निःशुल्क शिक्षासम्बन्धी व्यवस्था" अन्तर्गत नियम १५१ को उपनियम २ : संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तीमा ५ प्रतिशत गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

ख) विश्वविद्यालय अनुदान आयोगले जारी गरेको छात्रा शिक्षा कोष, छात्रवृत्ति सञ्चालन निर्देशिका, २०६३ को परिच्छेद ३, दफा ३.१, ३.२.३, ३.३, ४.१

# प्राविधिक शिक्षा तथा तालिममा छात्रवृत्ति (SCHOLARSHIPS FOR TECHNICAL EDUCATION AND VOCATIONAL TRAININGS)

## सुविधा :

अपाङ्गता भएका व्यक्तिहरूलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा छात्रवृत्तिको व्यवस्था गरिएको छ । यो सुविधा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सानोठिमी, भक्तपुरबाट प्रदान गरिन्छ । परिषदका आङ्गिक तथा सम्बन्धन प्राप्त संस्थाहरूमा संचालित विभिन्न कार्यक्रममा भर्ना भएका जम्मा ६ जना अपाङ्गता भएका विद्यार्थीहरूलाई निर्वाह स्वरूप प्रतिविद्यार्थी विशेष छात्रवृत्ति स्वरूप रू. ५०००/– (पाँच हजार) को छात्रवृत्ति परिषद कार्यालयबाट प्रदान गरिनेछ । तर सम्बन्धित संस्थामा बझाउनुपर्ने अन्य सम्पुर्ण रकमहरू भने विद्यार्थीले बुझाउनुपर्नेछ। यसैगरी वर्गीकृत छात्रवृत्तिका हकमा अपाङ्गता भएका विद्यार्थीलाई छनौट गर्ने प्रिक्रयामा थप छट्टु ५ अङ्क भार दिने गरिएको छ ।

## सुविधाको हकदार :

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लिन आवश्यक योग्यता पुगेका अपाङ्गता भएका व्यक्ति ।

सुविधा प्रदान गर्ने निकाय :

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र, सानोठिमी भक्तपुर वा परिषद्ले तोकेको शिक्षालय ।

## सुविधा प्राप्त गर्ने प्रक्रिया :

परिषद् वा परिषद्ले तोकेको स्थानीय निकायमा आफूले लिन चाहेको प्राविधिक शिक्षा वा व्यावसायिक तालिमको लागि तोकिएको ढाँचा र प्रक्रिया पुर्याई आवेदन दिने । परिषद्अन्तर्गत अध्ययन गर्न प्रवेश परीक्षा संचालनको प्रक्रियामा विद्यार्थीहरूलाई छनौट गर्दा अन्य विद्यार्थीभन्दा अपाङ्गता भएका विद्यार्थीका लागि ५ अङ्क बढी प्रदान गरीने बेहोरा परिषद्को भर्ना सम्बन्धी निर्देशिकामा विस्तृतरुपमा उल्लेख गरिएको छ ।

## सुविधा प्राप्त गर्ने आधार :

अपाङ्गताको सम्बन्धमा परिषद्को विद्यार्थी भर्नासम्बन्धी निर्देशिका ।

# स्वास्थ्य (HEALTH)

- निशुल्क स्वास्थ्योपचारको व्यवस्था (FREE MEDICAL TREATMENT)

सुविधा :

- सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचारको प्रावधान छ ।

सुविधाका हकदार :

- नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरणमा समेटिएका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू ।
- सुविधा प्राप्त गर्ने ठाउँ/निकाय :
- देशभरिका सबै सरकारी अस्पताल र स्थानीय स्तरका स्वास्थ्य केन्द्र/चौकीहरू ।

सुविधा प्राप्त गर्ने प्रक्रिया

- क) सुविधा लिन चाहने अपाङ्गता भएका व्यक्तिले अस्पतालको शुल्क बुझाउने सम्बन्धित ठाउँमा आफ्नो अपाङ्गता परिचयपत्र देखाई निंशुल्क स्वास्थ्य परीक्षण वा उपचारको सेवा उपभोग गर्न पाउनेछ ।

सुविधा प्राप्त गर्ने आधार

- क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ७ को उपदफा २ : अपाङ्गबाट उत्पन्न हुने विभिन्न प्रतिकूल असरलाई यथाशक्य घटाउन आवश्यक पर्ने उपचार उपलब्ध गराउन त्यसका लागि गरिने परीक्षण तथा स्वास्थ्य सेवा प्रदान गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।
  ख) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम १६ को उपनियम १ : देशभरका अस्पतालहरूमा अपाङ्गहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

# निजामती सेवामा ५ प्रतिशत आरक्षणको व्यवस्था (FIVE PERCENT RESERVATIONS IN CIVIL SERVICE JOBS)

## सुविधा प्राप्त गर्ने ठाउँ/निकाय :

लोकसेवा आयोगको केन्द्रीय कार्यालय तथा यसका क्षेत्रीय निर्देशनालयहरू ।

## सुविधा प्राप्त गर्ने प्रक्रिया :

- क) लोक सेवा आयोगको आरक्षणतर्फको फारम भर्नको लागि आफूसँग अपाङ्गता परिचयपत्र हुनु अनिवार्य छ । उक्त परिचयपत्र देखाई लोक सेवा आयोग वा आयोगले तोकेका स्थान वा कार्यालयबाट आरक्षणतर्फको फारम लिन सकिन्छ ।
  ख) आवेदनसँगै नियमअनुसारको शुल्क, आवश्यक प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्र, अपाङ्गता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र आदि पेस गर्नुपर्छ ।
  ग) सम्बन्धित आरक्षणबाहेक खुला प्रतिस्पर्धा गर्न चाहने अपाङ्गता भएका व्यक्तिले शाखा अधिकृत र सोभन्दा माथिका पदमा प्रतिस्पर्धा गर्दा प्रारम्भिक परीक्षा उतीर्ण गरेरमात्र लिखित परीक्षामा सामेल हुन पाउनेछन् । तर शाखा अधिकृतभन्दा तलका पदमा सिधै लिखित परीक्षामा सामेल हुन पाइनेछ ।
  घ) समावेशीअन्तर्गतको लिखित परीक्षा छुट्टै लिइने हुनाले उक्त लिखित परीक्षामा सहभागी हुने ।

## सुविधा प्राप्त गर्ने आधार :

- क) निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन २०६४, साउन २३ को कार्यान्वयनका लागि बनेको निजामती सेवा नियमावली, २०५० को सातौं संशोधन २०६४ मंसिर २० मा भएको व्यवस्था : दफा ७ : उपदफा १ मा जुनसुकै कुरा लेखिए पनि निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहायबमोजिम उम्मेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।
  क) महिला – तेत्तीस प्रतिशत
  ख) आदिवासी/जनजाति – सत्ताईस प्रतिशत
  ग) मधेसी – बाईस प्रतिशत
  घ) दलित – नौ प्रतिशत
  ङ) अपाङ्ग – पाँच प्रतिशत
  च) पिछडिएको क्षेत्र – चार प्रतिशत

# सार्वजनिक सडक यातायातमा भाडा छुट (DISCOUNT IN PUBLIC ROAD TRANSPORTATION)
(कानुनमा उल्लेखित व्यवस्था)

## सुविधा :
सार्वजनिक सडक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भाडामा ५० प्रतिशत छुटको व्यवस्था छ ।

## सुविधाका हकदार :
नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरणमा समेटिने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू ।

सुविधा प्राप्त गर्ने ठाउँ/निकाय :
लामो तथा छोटो दूरीमा चल्ने सार्वजनिक भाडाका सबारी साधनहरू सञ्चालन गर्ने व्यावसायिक संस्थाहरू ।

## सुविधा प्राप्त गर्ने प्रक्रिया :
सार्वजनिक सबारीका साधनहरूमा यात्रा गर्दा वा यात्रा गर्नका लागि टिकट काउन्टरबाट टिकट खरिद गर्दा अपाङ्गता परिचयपत्र देखाउने वा सोको प्रतिलिपि पेस गर्ने ।

## सुविधा प्राप्त गर्ने आधार
अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० को उपदफा ३ : कुनै अपाङ्गलाई बस, रेल, हवाईजहाजबाट यात्रा गर्दा निजलाई र अरू कुनै व्यक्तिको सहारा निरन्तर चाहिने भए एकजना व्यक्तिलाई यात्रु भाडाको आधा छुट दिन सकिनेछ ।

# हवाई यातायातमा लाग्ने भाडामा ५० प्रतिशत छुट (FIFTY PERCENTAGE OF DISCOUNT IN AIRFARE)
## (कानुनमा उल्लेखित व्यवस्था)

सुविधा :
आन्तरिक हवाई यात्रामा अपाङ्गता भएका व्यक्तिहरूलाई भाडामा ५० प्रतिशत छुट दिइन्छ ।
सुविधाका हकदार :
नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत समेटिने अपाङ्गता भएका व्यक्तिहरू ।
सुविधा प्राप्त गर्ने ठाउँ/निकाय :
सम्बन्धित हवाई सेवाको टिकट बिक्री कक्ष ।
सुविधा प्राप्त गर्ने प्रक्रिया
क) यो सुविधा लिनका लागि सुविधा लिने व्यक्तिसँग अपाङ्गता परिचयपत्र हुनु अनिवार्य छ ।
ख) परिचयपत्रको प्रतिलिपिसहित आफ”ले उपयोग गर्न चाहेको हवाई सेवाको टिकट बिक्री कक्षमा हवाई टिकटका लागि अनुरोध गर्ने ।
सहुलियतको सीमा
यो सुविधा देशभित्रका सबै निजी तथा सरकारी हवाई उडानमा प्रतिउडान एकजना अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइनेछ ।
सुविधा प्राप्त गर्ने आधार
क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० को उपदफा ३ : कुनै अपाङ्गलाई बस, रेल, हवाईजहाजबाट यात्रा गर्दा निजलाई र अरू कुनै व्यक्तिको सहारा निरन्तर चाहिने भए एकजना व्यक्तिलाई यात्रु भाडाको आधा छुट दिन सकिनेछ ।
ख) सम्बन्धित मन्त्रालयले २०६३ जेठ २६ गते मन्त्रीस्तरीय निर्णय गरी लागू गरेको ...अपाङ्गता भएका व्यक्तिलाई आन्तरिक हवाई यात्रामा दिइने छुट वा सहुलियतसम्बन्धी कार्यविधि, २०६३,


सामाजिक सुरक्षा

# अपाङ्गता भत्ताको व्यवस्था (PROVISIONS FOR DISABILITY ALLOWANCES)

(कानुनमा उल्लेखित एवं वार्षिक नीति तथा कार्यक्रम मार्फत निरन्तरता दिइँदै आएको)

सुविधा :

नेपाल सरकारले पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न जिल्लाका गाउँपालिका तथा नगरपालिका मार्फत् मासिक भत्ता दिने व्यवस्था गरेको छ । यस्तो अपाङ्गता परिचयपत्र वितरण निर्देशिका अनुसार पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई रु. ३९९० र अति अशक्त वर्गमा पर्ने सबैलाई प्रतिव्यक्ति मासिक रु. २१२८ दिने प्रावधान छ ।

सुविधाका हकदार :

नेपाल सरकारले गरेको अपाङ्गताको परिभाषा तथा वर्गीकरणअन्तर्गत पर्ने अपाङ्गता भएका व्यक्तिहरू ।

सुविधा प्रदान गर्ने निकाय/ठाउँ : गाउँपालिकाको वडा कार्यालय तथा नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकाका सम्बन्धित वडा कार्यालयहरू ।

## सुविधा प्राप्त गर्ने प्रक्रियाः

क) यो सुविधा लिन अपाङ्गता भएको व्यक्तिले अनिवार्यरूपमा अपाङ्गता परिचयपत्र लिएको हुनुपर्छ ।

ख) आफ्नो अपाङ्गता परिचयपत्रको प्रतिलिपि, नागरिकता पाउने उमेर पूरा भएको भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र नभएको भए जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटोसहित सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको हकमा आफु बसेको वडा कार्यालयमा भत्ता प्राप्त गर्न आवश्यक पर्ने परिचयपत्र प्राप्त गर्नका लागि तोकिएको ढाँचामा आवेदन गर्नुपर्छ ।

ग) वडा कार्यालय मार्फत् संकलित आवेदनहरू पालिकाको कार्यालयमा पठाइन्छ ।

घ) सङ्कलित आवेदनहरूमाथि आवश्यक छानबिन गरी पालिकास्तरमा परिचयपत्र साथै भत्ता दिनुपर्ने व्यक्तिहरूका बारेमा निर्णय गर्नेछ ।

ङ) उक्त परिचयपत्रका आधारमा अपाङ्गता भएका व्यक्तिले गाउँ/नगरपालिकाको कार्यालयबाट मासिक अपाङ्गता भत्ता प्राप्त गर्न सक्नेछन् ।

च) उक्त परिचयपत्र हरेक वर्ष तोकिएको म्यादभित्र अनिवार्य नवीकरण गर्नुपर्नेछ र नवीकरण नगरिएको परिचयपत्रका आधारमा भत्ता प्राप्त गर्न सकिँदैन ।

## सुविधा निम्नबमोजिम हुनेछः

(क) पूर्णअशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक अशक्त वृत्ति रु ३९९० ।

(ख) आंशिकअशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक अशक्त वृत्ति रु २१२८ ।





"स्थानीय तहमा अपाङ्गता समावेशी विकास"
पालिका स्तरीय जनप्रतिनिधि र कर्मचारीहरुलाई अपाङ्गता समावेशी विकास सम्बन्धी दुई दिने अभिमुखिकरण
तानसेन नगरपालिका
२०७८ कार्तिक २९ र ३० गते
NFD-N
Australian Aid

# सामाजिक सुरक्षा सम्बन्धि जानकारी

- आधारभूत आवश्यकता पूर्ति गर्न नसक्ने अवस्थामा रहेका नागरिकहरुका लागि राज्यले आधारभूत आवश्यकता परिपूर्ति गर्न उपलब्ध गराउने सहयोग तथा सहुलियत सामाजिक सुरक्षा हो।
- नगद प्रवाह कार्यक्रम २०५१ साउनदेखि गृह मन्त्रालयले बृद्धभत्ताका रुपमा ७० वर्षमाथिका नागरिकहरुलाई रु. १०० को दरले नमुनाको रुपमा २० जिल्लाबाट शुरु भई देशभर वितरण गर्न थालिएको हो । आ.व. २०५२।०५३ बाट भने यस कार्यक्रमलाई सामाजिक सुरक्षा भनी सम्बोधन गरी स्थानीय विकास मन्त्रालयअन्तर्गत राखी जेष्ठ नागरिक लगायत विधवा र अपाङ्गता भएका नागरिकहरुलाई समेत नियमित रुपमा प्रदान गर्दै आएकोमा हाल यसको दायरा अझ विस्तार भएको छ ।
- मानिस सक्रिय जीवन यापन गरिरहेका बेलामा होस् या असक्त अवस्थामा होस उसका आधारभूत मानवीय आवश्यकताहरु पूरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो । त्यसैले सामाजिक सुरक्षा अत्यन्त बृहत अवधारणा हो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट वितरण भैरहेको सामाजिक सुरक्षा भत्ता “सामाजिक सहयोग” अन्तर्गत “नगद प्रवाह” कार्यक्रम हो
- नेपालको संविधान बमोजिम आर्थिक रुपले  विपन्न,अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षा भता प्राप्त गर्दछन।
- नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त सङ्घ संस्था तथा अन्य कुनै अन्तराष्ट्रिय सरकार वा सङ्घ संस्थाबाट मासिक रूपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाएको हुनु नहुने।

# सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने समुहहरु

- जेष्ठ नागरिक (७० बर्ष माथिका उमेर समुह):७० वर्ष उमेर पुगेको
- अन्य जेष्ठ नागरिक:६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिकहरु
- एकल असहाय महिला:विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिला, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी, बसेका ६० वर्ष उमेर पुगेका र पतिको मृत्यु भएका ६० वर्ष उमेर पुगेका
- विधवा महिला: पतिको मृत्यु भएका जुनसुकै उमेरका
- लोपोन्मुख आदिबासी जनजाति:कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया
- बालबालिका : अनुसूची ५ बमोजिम नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई
- पूर्ण अपाङ्ग (क वर्ग): सम्बन्धित निकायबाट क वर्ग अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरु
- अति अशक्त अपाङ्ग (ख वर्ग) सम्बन्धित निकायबाट ख वर्ग अर्थात् नीलो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरु


बैंक

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७८/०७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४४८

मिति : २०७८/०५/२२

विषयः सामाजिक सुरक्षा भत्ता दर सम्बन्धमा।

श्री स्थानीय तह, सबै।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/५/१६ गतेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य मार्फत ३३ प्रतिशतले बृद्धि भएको सामाजिक सुरक्षा भत्ताको मासिक भत्ता दर मिति २०७८/४/१ गते देखि लागु हुने गरी देहाय अनुसार कायम भएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

देहायः

सामाजिक सुरक्षा भत्ताको मासिक भत्ता दर

| क्र.सं. | लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | मासिक रकम रु. |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | ७० वर्ष उमेर पुगेको | ४००० |
| २. | अन्य ज्येष्ठ नागरिक | ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र ६० वर्ष उमेर पुगेका देशभरिका दलित नागरिक | २६६० |
| ३. | एकल महिला | विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिला, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेका ६० वर्ष उमेर पुगेका र पतिको मृत्यु भएका ६० वर्ष उमेर पुगेका | २६६० |
| ४. | विधवा | पतिको मृत्यु भएका जुनसुकै उमेरका महिला | २६६० |
| ५. | पूर्ण अपाङ्गता भएका | सम्बन्धित निकायबाट "क" वर्ग अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरू | ३९९० |
| ६. | अति अशक्त अपाङ्गता | सम्बन्धित निकायबाट "ख" वर्ग अर्थात् नीलो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका नागरिकहरू | २१२८ |
| ७. | लोपोन्मुख आदिवासी/ जनजाति | कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया | ३९९० |
| ८. | बालबालिका | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची (५) बमोजिम नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानलाई | ५३२ |

२०७८/०५/२२
(मेघ राज शंकर)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

# सामाजिक सुरक्षा भत्ताको मासिक दर



**ज्येष्ठ नागरिक**
**(७० बर्ष उमेर पुगेका)**

**रू ४०००/-**



**क्षेत्र तोकिएका/दलित ज्येष्ठ नागरिक**

**रू २६६०/-**



**एकल महिला**

**रू २६६०/-**



**विधवा**

**रू २६६०/-**



**पूर्ण अपाङ्गता**

**रू ३९९०/-**



**अति अशक्त अपाङ्ग**

**रू २१२८/-**



**लोपोन्मुख आदिवासी जनजाति**

**रू ३९९०/-**



**बालबालिका**
**(देशभरका तोकिएको क्षेत्रका तथा दलित परिवारका एउटै आमाका दुई जना ५ वर्ष मुनिका)**

**रू ५३२/-**

# सामाजिक सुरक्षा प्राप्त गर्ने प्रक्रिया

- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिले उमेर पुगेपछि आफ्नो वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।
- बालबालिकाको हकमा निजको आमा,बुबा,संरक्षक माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिनु पर्नेछ।
- आफै उपस्थित हुन नसक्ने सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको हकमा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिनु पर्नेछ।
- प्रत्येक लाभग्राहीहरुले आ.व.को साउन मसान्तभित्र नविकरणको लागि आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

# सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक कागजातहरु:

- जेष्ठ नागरिक (७० बर्ष माथिका उमेर समुह):७० वर्ष उमेर पुगेको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- अन्य जेष्ठ नागरिक:६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिकहरुको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- एकल असहाय महिला:विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिलाको हकमा अविवाहित सिफारिस, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी, बसेका ६० वर्ष उमेर पुगेकाको हकमा प्रर्माण र पतिको मृत्यु भएका ६० वर्ष उमेर पुगेका महिलाको हकमा पतिको मृत्युदर्ताको प्रतिलिपि।
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- लोपोन्मुख आदिबासी जनजाति:कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधियाको हकमा लोपउन्मुख जाति सिफारिस।
- बालबालिका : अनुसूची ५ बमोजिम नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानहरुको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि रसंरक्षकको नागरिकताको प्रमाणको प्रतिलिपि ।
- पूर्ण अपाङ्ग (क वर्ग): सम्बन्धित निकायबाट क वर्ग अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेका प्रमाणको प्रतिलिपि ।
- अति अशक्त अपाङ्ग (ख वर्ग) सम्बन्धित निकायबाट ख वर्ग अर्थात् नीलो रंगको अपाङ्गता परिचय पत्र प्राप्त गरेको प्रमाणको प्रतिलिपि।
- सम्पूर्ण समुहकालागि २ प्रति पासपोर्ट साईज फोटो ।

धैर्यतापूर्वक सुनि दिनु भएको

र

सक्रिय सहभागिताको लागि

यहाँहरु सबैलाई

धन्यवाद ।

# Thank You